"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गाल्जे कालीकोट

कर्णाली प्रदेश नेपाल

पत्र संख्याः २०८२।२०८३
चलानी नः १८६५

ने सं ११४६ तछ्लागा औंसी मंगलवार
मिति २०८३।०३।३०

तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे,कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

---

**श्री वडा कार्यालय सबै**
**तिलागुफा नगरपालिका ।**

**विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्वन्धमा ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम (९) र सामाजिकस सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा (४) अनुसार प्रत्येक वर्षको साउन १ गते देखि भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा लाभग्राही स्वयम उपस्थित भई सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाको सबै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्रास गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई २०८३ भदौं मसान्त भित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गराउनुहुन सूचित गरिन्छ । बालबालिका र अपाङ्गको हकमा निजको आमा ,बाबु वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

साथै लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गर्दा राष्ट्रिय परिचय पत्र अनिवार्य भएको व्यहोरा सबैलाई जानकारी गरिन्छ ।

<u>सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्न आवश्यक कागजातहरु</u> ।

- सामाजिक सुरक्षा भत्ता परिचय पत्र ।
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- बालबालिकाको हकमा जन्मदर्ता प्रतिलिपी ।
- एकल महिलाको हकमा सम्बन्ध बिच्छेद गरी अर्को विवाह नगरेको प्रमाण ।
- सम्बन्ध विच्छेदन दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
- विधुवा महिलको हकमा पतिको मृत्यू दर्ताको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण।
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस र विवाह नगरेको प्रमाण ।
- अपाङ्गता भएको व्यक्तिको हकमा तिलागुफा नगरपालिकावाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी ।

..............................
नयाँ सार्की
एम.आई.एस.अपरेटर

२०८३।०३।३०
..............................
कविराज न्यौपाने
नि.प्रमुख प्रशासकीय अधिकृत